# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ६ गते ०१ साल

### भाग ६

## स्थानीय स्वायत्त शासनमन्त्रालयको सूचना

१ यस मन्त्रालयबाट पानी पुगेसम्म प्राइभेट धाराहरू दिने गरिआएकोमा, हाल पानी सप्लाइको क्षमतामा विचार गर्दा प्राइभेट धारा दिन नसक्ने अवस्था परेकोले सूचना प्रकाश गरिएको छ । सबै जनताहरूको लागि पानी सुलभ होस् भन्ने यो उद्देश्यले यस मन्त्रालयले पानीको मुहानहरू पत्ता लगाई सो मुहानहरू-बाट पानी ल्याउने योजनाहरू कार्यान्वित भर्नें काम सुरु गरिरहेछ । सो कार्य-रूपमा परिणत भएपछि पुगेसम्म फेरि जनताहरूलाई प्राइभेट धारा दिने प्रबन्ध गरिनेछ । हाल भैरहेको पानीको क्षमताबाट प्राइभेट धारा दिन असमर्थ हुनाले अर्को सूचना प्रकाश नहुञ्जेल अरू प्राइभेट धाराको निमित्त नयाँ निवेदनपत्र नपठाउनुहोला ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

324

२ यस मन्त्रालयमार्फतका अड्डाहरु, जस्तै — नगरपञ्चायत, पानीअड्डा, पञ्चायत गोस्वाराबाट हुने काम र लिनुपर्ने काममा धेरै दरखास्त सोझै यस मन्त्रालयमा आउने गरिकोले सूचित गरिन्छ कि यस मन्त्रालयमा आएका निवेदनपत्रहरुमा ऐनबमोजिम बुझ्नालाई सुरु अड्डामै पठाउनुपर्ने हुनाले निवेदनपत्रवालाहरु र पञ्चायतहरुले समेत निवेदनपत्र रिपोटहरु सोझै मन्त्रालयमा नपठाई सरोकारवाला अड्डाहरुमा दिने गर्नुहोला। अड्डैबाट निकासा दिनेमा अड्डैबाट र उपरोक्त निवेदनपत्र रिपोटहरुमा मन्त्रालयबाट निकासा हुनेमा मन्त्रालयमार्फत पठाउनेछन्, जसबाट अड्डाहरुलाई र जनताहरुलाई समेत अलमलिनु नपर्ने हुन आउनेछ। कुनै कुनै अड्डाबाट न ऐनसवालबमोजिम गरिदिनुपर्ने गरिनदिएको यस्तो कुरामा अड्डाउपर उजुर गर्नुपर्ने हुनआएमा सोझै मन्त्रालयमा निवेदनपत्र पठाउने गर्नुभएमा उचित कारवाई गरिनेछ।

सेक्रटरी,
स्था. स्वा. शा. विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।